# कोल्हवी नगरपालिका

## दुग्ध उत्पादक कृषकलाई उत्पादनको आधारमा प्रोत्साहन अनुदान सहयोग कार्यक्रम कार्यविधि, २०७९

# दुग्ध उत्पादक कृषकलाई उत्पादनको आधारमा प्रोत्साहन अनुदान सहयोग कार्यक्रम कार्यविधि,२०७९

**प्रस्तावना :**

कोल्हवी नगरपालिकाको पशुपंक्षी विकासको क्षेत्रमा निरन्तर क्रियाशील रहदै आएको छ। कृषकले उत्पादन गरेका कृषि तथा पशुपंक्षी उपजको लागत न्यूनिकरण गरी उत्पादित वस्तुलाई बजार प्रतिस्पर्धी बनाउँदै कृषकलाई नियमित प्रोत्सहान गरि उत्पादन बृद्धि गराउनुपर्ने आवश्यकता छ । दुग्ध उत्पादन, संकलन, तथा वितरण गर्ने दुग्ध सहकारी संस्थालाई जिम्मेवार बनाई उक्त संस्था मार्फत दुध बिक्री गर्ने कृषकहरुलाई बिक्री परिमाणका आधारमा अनुदान उपलब्ध गराउँदा कृषक बर्गमा उत्साह बढ्न गई हाल बिद्यमान उत्पादनमा बृद्धि समेत भई कृषकलाई प्रतिस्पर्धी तथा व्यवसायिक बनाउन कोल्हवी नगरपालिकाको कार्यालय आ.ब २०७९/०८० को नीति तथा कार्यक्रम मार्फत कृषकलाई उत्पादनको आधारमा प्रोत्साहन अनुदान सहयोग गर्नको लागि बजेटको व्यवस्था भए अनुसार कोल्हवी नगरपालिकाको "दुग्ध उत्पादक कृषकलाई उत्पादनको आधारमा प्रोत्साहन अनुदान सहगोग कार्यक्रम कार्यविधि, २०७९" बनाई अनुदान वितरण प्रकृयालाई व्यवस्थित, सरल, सहज, प्रभावकारी तथा पारदर्शी बनाउन यो कार्यविधि तयार गरि लागु गरेको छ। कोल्हवी नगरपालिकाको मिति २०७९ पुष २१ गतेको कार्यपालिका बैठकबाट स्वीकृत।

## परिच्छेद १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यबिधिको नाम "दुग्ध उत्पादक कृषकलाई उत्पादनको आधारमा प्रोत्साहान अनुदान सहयोग कार्यक्रम कार्यबिधि. २०७९" रहेको छ।

(२) यो कार्यबिधि कोल्हवी नगरपालिका भरी तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा :

(क) "कांर्यालय" भन्नाले कोल्हवी नगरपालिकाको कार्यालय, कोल्हवी, बारा सम्झनु पर्दछ।

(ख) "कार्यविधि" भन्नाले कार्यालयले तयार पारेको दुग्ध उत्पादन कृषकलाई उत्पादकको आधारमा प्रोत्साहान अनुदान सहयोग कार्यक्रम कार्यविधि,२०७९ सम्झनु पर्दछ।

(ग) "समिति" भन्नाले दफा ६ अनुसारको समिति सम्झनु पर्दछ ।

३. उद्देश्यहरु :

(क) दुधको गुणस्तरमा सुधार गरि मापदण्ड अनुसार दुग्ध उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक, प्रतिष्ठीत, सम्मानित एवं दिगो रुपले विकास गर्ने ।

(ख) अनुदान वितरण नीतिलाई उत्पादनमा आधारित बनाउने ।

(ग) ठुला ,साना तथा सिमान्तकृत कृषकहरुलाई संगठित तथा बजारमुखी बनाउने।

(घ) अनुदान वितरण प्रकृयालाई सरल, सहज, प्रभावकारी तथा पारदर्शी बनाउने ।

४. कार्यक्रम संचालन प्रकृया :

(क) दुग्ध उत्पादक सहकारी संस्थाहरुलाई लक्षित गरी अनुसूची १ को ढाँचामा प्रस्ताव आव्हान गरिने छ।

(ख) दुग्ध उत्पादन सहकारी संस्थाहरुले तोकीएको म्याद भित्र अनुसूची २ को ढाँचामा सम्बन्धित वडा कार्यालको सिफारिस सहित सहकारी शाखामा आवेदन दिनुपर्नेछ । यस कार्यक्रममा सम्मिलित हुन चाहने सहकारी संस्थाले दफा ५ बमोजिम मापदण्ड पुरा गरेको हुनुपर्नेछ।

(ग) दुग्ध उत्पादन सहकारी संस्थाहरुबाट आएका आवेदनहरुलाई अनुदान व्यवस्थापन तथा मूल्याङ्कन समितिले स्वीकृत गर्नेछ।

(घ) अनुदानको लागि छनौट भएका दुग्ध उत्पादक सहकारी संघ/संस्थासंग कार्यालयले अनुसूची ३ बमोजिम सम्झौता गर्नेछ ।

(ङ) सम्झौता पछि छनौट भएका दुग्ध उत्पादक सहकारी संस्थाहरुलाई कार्यालयबाट विनियोजित बजेटको परिधिभित्र रही उक्त संस्थाको आवद्ध भएको सदस्यको बैंक खातामा अनुदान रकम उपलब्ध गराउने छ।

(च)अनुदान रकम प्राप्त गर्नको लागि सहकारी संस्थामा आवद्ध भएका कृषकहरुलाई सहकारी संस्थाहरुमा दुध संकलन रेकर्ड तथा अडिट रिपोर्टका आधारमा प्रति लिटर दुधको परल मूल्यमा रु. ०.५० पैसा (अक्षरुपी पचास पैसा मात्र) उपलब्ध गराईनेछ।

राज प्रसाद चौधरी

कोल्हवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोल्हवी, बारा
मधेश प्रदेश, नेपाल

५. दुग्ध उत्पादक सहकारी संस्थाको मापदण्ड : दुग्ध उत्पादक सहकारी संस्थाको मापदण्ड देहाय बमोजिमको हुने ।

(क) दैनिक संकलित दूध, दुग्ध उत्पादक सहकारी संस्था आफैले प्रशोधन गर्ने वा अन्य डेरी उद्योगलाई विक्री गरी दूध र दुग्ध जन्य पर्दाथहरुको बेचबिखनको प्रबन्ध गरेको हुनुपर्नेछ।

(ख) गत आ.व को श्रावण महिना देखि अषाढ मसान्त सम्म गरेको दुधको कारोवारको मासिक अभिलेख प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

(ग) सहकारीले कारोवार गर्ने गरेको दूधको गुणस्तर न्यूनतम मापदण्ड भित्र परेको हुनुपर्ने ।

(घ) सम्बन्धित सहकारीले आफुमा आबद्ध भएका कृषकहरुलाई मापदण्ड अनुसार अनुदान वितरण गर्न तोकीएको समय भित्र पेश गर्नुपर्नेछ । अनुदान वितरणको लागि सदस्यको सिफारिस गर्दा पारदर्शी तवरले गरको हुनुपर्नेछ साथै सही तरिकाले अनुदान वितरण सिफारिस नगरेको पाईएमा सहकारी संस्थालाई कार्यालयले कानुन बमोजिम कारवाही गर्न सक्नेछ।

६. समिति सम्बन्धि व्यवस्था : (१) कार्यक्रम संचालनको लागि देहाय बमोजिमको अनुदान व्यवस्थापन तथा मूल्याङ्कन समिति गठन हुने छ।

(क) आर्थिक विकास समितिको संयोजक – संयोजक

(ख) शाखा प्रमुख, सहकारी शाखा – सदस्य

(ग) शाखा प्रमुख, पशु सेवा शाखा – सदस्य-सचिव

(२) अनुदान व्यवस्थापन तथा मूल्याङ्कन समितिले आवश्यकता अनुसार कुनै बिज्ञ, बिशषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) अनुदान व्यवस्थापन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

(क) अवश्यक परेमा समितिले फिल्ड प्रमाणीकरण टोली गठनं तथा सहजीकरण गरी कार्य गराउने।

(ख)अनुदान रकम तोक्ने।

(ग) दुग्ध उत्पादन सहकारीहरुको स्थलगत अनुगमन र निरिक्षण गरि अनुदान व्यवस्थापन तथा मूल्याङ्कन समितिले प्रतिवेदनको आधारमा औचित्य हेरी सिफारिस सँगै स्वीकृत गर्ने छ।

राजा प्रसाद चौधरी
नगर प्रमुख

७. अनुगमन, मूल्यांकंन तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः

यस कार्यक्रमको अनुगमन कार्यालयले आवश्यकता अनुसार गर्नेछ । अनुगमन/ निरीक्षण प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतले प्रमाणीत गरी आवश्यक भएमा कार्यपालिका बैठक वा अन्य समितिहरुमा पेश गर्नेछ।

८. आर्थिक प्रशासन सेवा : यस कार्यविधि बमोजिम गठन भएका समितिहरुको बैठकमा उपस्थित पदाधिकारीहरुलाई कार्यमा थप जिम्मेवारी तथा प्रोत्सहानको लागि बैठक भत्ता कार्यालयबाट नियम अनुसार उपलब्ध हुनेछ । अनुगमन, मूल्याङ्कन तथा स्थलगत निरीक्षण कार्यमा खटिदा खटाईएका व्यक्तिहरुलाई नियमानुसार भत्ता कार्यालयबाट भुक्तानी हुनेछ।

(९) थपघट वा हेरफेर : यस कार्यालयको कार्यान्वयन पक्षलाई थप व्यवस्थित र प्रभावकारी बनाउन कार्यालयले आवश्यकता अनुसार नगर कार्यपालिका बैठकबाट थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ।

राजा प्रसाद चौधरी
नगर प्रमुख

## अनुसूची १

(दफा ४ को [illegible] संग सम्बन्धी )

### कोल्हवी नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय, कोल्हवी, बारा

दुग्ध उत्पादक कृषकलाई उत्पादकका आधारमा प्रोत्साहान अनुदान प्रत्येक उत्पादक सहकारी संस्था मार्फत अनुदान उपलब्ध गराउने प्रयोजनको लागि प्रस्ताव आव्हानको ढाँचाः

सूचना

(प्रथम पटक प्रकाशन गरिएको मितिः ...............)

कोल्हवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, कोल्हवी, बाराको आर्थिक बर्ष २०७९/०८० मा स्वीकृत दुग्ध उत्पादक कृषकलाई उत्पादकको आधारमा प्रोत्साहान अनुदान सहयोग कार्यक्रम संचालनका लागि "दुग्ध उत्पादक कृषकलाई उत्पादनको आधारमा प्रोत्साहान अनुदान सहयोग कार्यक्रम कार्यविधि. २०७९" बमोजिम यस नगरपालिका अन्तर्गत दुधमा रु. ०.५० पैसा प्रति लिटर अनुदानको लागि ईच्छुक दुग्ध उत्पादन सहकारी संस्था वा फर्मले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस क्रार्यालयलमा निम्न अनुसारका कागजात सहित प्रस्ताव पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । आवश्यक संक्षिप्त कार्ययोजना तथा अन्य आवश्यक अनुसूचीहरु यस नगरपालिकाको वेवसाइट www.kolhabimun.gov.np बाट प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराईन्छ।

<u>आवश्यक कागजातहरु:</u>

१. अनुसूची २ बमोजिमको आवेदन पत्र ।

२. सहकारी संस्था दर्ता प्रमाण पत्रको छायाँप्रति (नविकरण गर्नुपर्ने भएमा सो समेत गरेको)।

३. पान दर्ता प्रमाण पत्र तथा कर चुक्ता प्रमाण पत्रको छायाँप्रति ।

४. गत आ.बको प्रमाणित अडिट रिपोर्टको छायाँ प्रति ।

५. सहकारीको कार्यसमिति बैठको अनुदान उपलब्ध गराई पाउँ भन्ने व्यहोराको निर्णय प्रति ।

६. अनुसूची ४ बमोजिमको विवरण भरेको विवरण फारम ।

७. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र

राज प्रसाद चौधरी
नगर प्रमुख

अनुसूची २

(दफा ४ को "ख" सग सम्बन्धी)

दुग्ध उत्पादक कृषकलाई उत्पादकको आधारमा प्रोत्साहान अनुदान सहगोग कायक्रममा सहकारी संस्थाले कार्यालयमा दिने आवेदन पत्रको ढाँचा

मिति : ...................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

कोल्हवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, कोल्हवी, बारा

विषय : दुग्ध उत्पादक कृषकलाई उत्पादकको आधारमा प्रोत्साहान अनुदान सहगोग कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत बिषयमा ताहाँ कार्यालयको मिति........................गते प्रकाशन गरिएको सूचना अनुसार यस ...............दुग्ध उत्पादक सहकारी ..................ले दुग्ध उत्पादक कृषकलाई उत्पादकको आधारमा प्रोत्साहान अनुदान सहगोग कार्यक्रमको लागि कार्यक्रममा समावेश हुन ईच्छुक रहेकाले तपशील अनुसारका कागजात सहित यो निवेदन पेश गरेका छौं ।

तपशीलः

१. सहकारी संस्था दर्ता प्रमाण पत्रको छायाँप्रति (नविकरण गर्नुपर्ने भएमा सो समेत गरेको)।

२. पान दर्ता प्रमाण पत्र तथा कर चुक्ता प्रमाण पत्रको छायाँप्रति ।

३. गत आ.बको प्रमाणित अडिट रिपोर्टको छायाँ प्रति ।

४. सहकारीको कार्यसमिति बैठको अनुदान उपलब्ध गराई पाउँ भन्ने व्यहोराको निर्णय प्रति ।

५. अनुसूची ४ बमोजिमको विवरण भरेको फारम।

६. ............ नं. वडा कार्यालयको सिफारिस पत्र ।

निवेदक

नाम थरः

पदः

ठेगानाः

सम्पर्क नं.

सहकारी संस्थाः

संस्थाको छाँपः

अनुसूची-३

(दफा ४ को "घ" संग सम्बन्धीत)

दुई पक्षीय सम्झौता पत्र कोल्हवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, कोल्हवी, बारा (यस पछि प्रथम पक्ष भनिने) र ........... .................दुग्ध उत्पादक सहकारी संस्था वा फर्म,..................... (यस पछि दोस्रो पक्ष भनिने) बीच उत्पादक कृषकलाई उत्पादकको आधारमा प्रोत्साहान अनुदान सहयोग कायक्रममा तपशिलका अनुदान सहगोग कार्यक्रममा तपशीलका शर्तहरुको अधिनमा रही यो सम्झौता दुबै पक्षबाट पालना गर्ने/गराउने गरी दुईपक्षीय सम्झौता गरिएको छ।

तपशील:

१. प्रथम पक्षले दोस्रो पक्षलाई स्वीकृत भए अनुसारको रकम प्रति लिटर रु. ०.५० (अक्षरुपी पचास पैसा) को दरले दोस्रो पक्षलाई दुग्ध उत्पादक सहकारी/कृषि सहकारी संस्था वा फर्मको सिफारिसर र वडाको सिफारिस गरेको आधारमा प्रत्येक सदस्यको बैंक खातामा एकमुष्ट रुपमा एकाउण्ट चेक मार्फत जम्मा गरिदिनेछ ।

२. दोस्रो पक्षले वडा समितिका सदस्य समेतको उपस्थितिमा कार्यसमिति बैठक बसी मापदण्ड तयार पारी कृषकलाई कुनै भेदभाव नहुने गरी मापदंण्ड बमोजिम अनुदान रकमको लागि कृषकको नाम सिफारिस गर्नुपर्नेछ ।

३. अनुदान वितरण कार्यपारदर्शी तथा प्रभावकारी कार्यान्वयनको लागि दोस्रो पक्षले जिम्मेवारी लिनुपर्नेछ।

४. यस सम्झौतामा उल्लिखित कुराहरु यसै बमोजिम तथा अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

मिति:

| दोस्रो पक्ष | प्रथम पक्ष |
| --- | --- |
| दस्तखत: | दस्तखत: |
| नाम: | नाम: |
| पद: | पद: |
| सहकारी संस्थाको नाम: | कार्यालयको नाम: |
| ठेगाना: | ठेगाना: |
| छाप: | छाप: |

अनुसूची ४

(दफा ५ सँग सम्वन्धीत)

उत्पादक कृषकलाई उत्पादकको आधारमा प्रोत्साहान अनुदान सहगोग कायक्रममा सहभागी हुने दुग्ध उत्पादक सहकारी संस्थाको विवरण:

१. सहकारी संस्थाको नामः

२. ठेगानाः

३. सहकारी दर्ता मितिः

४. कूल सदस्य संख्याः

५. गत बर्षको कुल दुध संकलन लिटरमाः औषत दैनिकः.......लि., मासिक.......लि., र वार्षिकः .......लि.

६ गत बर्षको अधिकतम दुध संकलन महिना र परिमाणः ......... महिना, ........लि.

७. गत बर्षको न्यूनतम दूध संकलन महिना र परिमाणः ........ महिना, ..........लि.

८. मिल्क एनलाईजरको प्रयोगको अवस्थाः भएको/ नभएको ...........

९. वार्षिक साधरण सभाको अवस्थाः भएको/ नभएको

१०. जम्मा संकलन केन्द्रः

११. दूध उत्पादन गर्ने कृषकको संख्याः

१२. पशु बीमा गरेका कृषकको संख्याः

१३. रेकर्ड राख्न कम्प्युटर प्रयोगको अवस्थाः भएको/ नभएको

१४. सहकारीको चिलिंङ सेण्टरको अवस्थाः भएको/नभएको भएमा कति क्षमताको भएको:

१५. दूधको बिबिधिकरण र विक्री वितरण अवस्थाः भएको/नभएको

भएको भएः-

(क) कुन कुन पदार्थ बनाउने गरिन्छ ...........................

(ख) दैनिक औषत परिमाण.........................................

(ग) विक्री वितरण गर्ने बजार/स्थल..............................

१६. सहकारीको संचालक समितिको वैठकको अवस्थाः नियमित / अनियमित

१७.सहकारी संस्था दर्ता प्रमाण पत्रको छायाँप्रति (नविकरण गर्नुपर्ने भएमा सो समेत गरेको)।

१८. पान दर्ता प्रमाण पत्र तथा कर चुक्ता प्रमाण पत्रको छायाँप्रति ।

कोल्हवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोल्हवी, बारा
मधेश प्रदेश, नेपाल

१९ गत आ.बको प्रमाणित अडिट रिपोर्टको छायाँ प्रति ।

२०. सहकारीको कार्यसमिति बैठको अनुदान उपलब्ध गराई पाउँ भन्ने व्यहोराको निर्णय प्रति ।

२१. दुग्ध बिक्रेता सदस्यको वित्तीय/सहकारी संस्थामा रहेको खाताको विवरण

| क्र.स. | नाम/थर | ठेगाना | संकलित दुध | दर | जम्मा पाउने रकम | बैंकको नाम | खाता नम्बर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

राज प्रसाद
नगर प्रमुख

आज्ञाले,

मोहम्मद साविर

प्रमुख प्रशासकीय अधिकृत